# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १२/ ०८०/ ०८१ मितिः२०८०/ ०८/ २७

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**बैठक संख्या १३/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०८/२७**

मिति २०८० साल मंसिर २७ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **नदीजन्य पदार्थको उत्खनन स्थगन सम्बन्धमा ।**

यस नगरपालिकाका बिरिङ्ग टाङटिङ ठूलो नेते र सुखानी खोलाबाट आइइइ प्रतिवेदनबाट तोकिए बमोजिम नदीजन्य पदार्थको उत्खनन तथा विक्रीका लागि ठेक्का बन्दोवस्त गर्न साविकमा पटक पटक सूचना प्रकाशन गर्दा पनि बिरिङ्ग नदी र ठूलो नेते नदीमा मात्र नदीजन्य पदार्थको उत्खनन तथा विक्रीका लागि ठेक्का कबोल भई हालः ठेक्का सम्झौताको क्रममा रहेको र नदीजन्य पदार्थ सम्बन्धि कार्यका लागि ठेक्का बन्दोवस्त भएकै स्थानबाट सामाग्री प्राप्त गर्न सकिने अवस्था भएको हुँदा ठेक्का बन्दोवस्त भएका बिरिङ्ग तथा ठूलो नेते नदीहरुको ठेक्का सम्झौता भएपश्चात हाललाई अर्को व्यवस्था नभएसम्मका लागि टाङटिङ तथा सुखानी खोलाबाट नदीजन्य पदार्थको उत्खनन तथा बिक्री सम्बन्धि कार्यलाई स्थगित गर्ने निर्णय गरियो ।साथै, टाङटिङ तथा सुखानी खोलाबाट हालसम्म संकलन भएको राजश्व रकम घटाई नयाँ कबोल अंक कायम गरी डाक बढाबढको माध्यमबाट ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो । उत्खनन स्थगन भएको स्थानबाट अनाधिकृत उत्खनन तथा विक्री सम्बन्धि कार्य गरिएको पाइएमा कोशी प्रदेश सरकारको आर्थिक ऐन,२०८० को दफा ७ को उपदफा (५) एवं अनुसुची १० बमोजिमको जरिवाना लगाउने र सो विषयको सूचना निर्माण गरी प्रचारप्रसार गर्ने निर्णय गरियो ।

२. **स्थानीय विदा अनुमोदन सम्बन्धमा ।**

अर्जुनधारा जलेश्वर धाममा बाला चतुर्दशीको अवसरमा वर्षेनी लाग्दै आएको धार्मिक महोत्सवको समापनाको अवसरमा मिति २०८० साल मंसिर २५ गते अर्जुनधारा नगरपालिका क्षेत्रमा स्थानीय विदा दिने मिति २०८०/०८/२४ गतेको नगर कार्यपालिकाको निर्णय अनुमोदन गरियो ।

३. **बहुवर्षीय ठेक्का व्यवस्थापन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष ०८०/०८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत नगर प्रमुख विपन्न आवाश कार्यक्रमका लागि रु २ करोड बजेट विनियोजन भएकोमा उक्त कार्यक्रम अन्तर्गत हाल ५० वटा आवाश निर्माण हुने गरी सो आयोजनाका लागि चालु आर्थिक वर्षमा रु २ करोड भुक्तानी गर्ने र अपुग रकम आगामी आर्थिक वर्षमा भुक्तानी हुने गरी हाललाई बहुवर्षीय ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

४. **विविधः**

(१)यस नगर कार्यपालिकाको मिति २०८०/०७/१७ गतेको बैठकबाट अर्जुनधारा नगरपालिका वडा नं ९ मा धिमाल गाउँ जाने बाटोमा प्लम्ब निर्माणका लागि रु १० लाख बजेट जहाँ अभर त्यहाँ नगर शीर्षकबाट विनियोजन भएकोमा उक्त आयोजनाको खर्च श्रोत परिवर्तन गरी विपद् व्यवस्थापन कोष शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

(२)अर्जुनधारा नगरपालिका वडा नं ७ मा सुमन तामाङ्गको घरपूर्व प्लम्ब निर्माणका लागि जहाँ अभर त्यहाँ नगर शीर्षकबाट रु ७५ हजार बजेट थप गर्ने निर्णय गरियो ।साथै, वडा नं ७ को जसमाया

मार्ग, खेलमैदान लगायतका मर्मतका लागि मर्मत सम्भार शीर्षकबाट रु १ लाख ७० हजार विनियोजन गर्ने निर्णय गरियो ।

(३) आयुश्री निर्माण सेवा, अर्जुनधारा-२ लाई अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि बमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र दिने निर्णय गरियो ।